विहान: ६:०० बजे

आज मिति २०७४।०३।०४ गते शुक्रवार धरान उपमहा नगर पालिका कार्य संन्चालन समितिको बैठक बसी तपसिलका निर्णय-हरु गरियो ।

उपस्थिति:
श्री टीकदत्त राई - कार्यकारी अधिकृत धरान उप.महा.नपा.

आमन्त्रित
श्री गणेशप्रसाद खतिवडा - व.प्रशासकीय अधिकृत
श्री खगेन्द्रप्रसाद खतिवडा व. कर अधिकृत
श्री सुरज श्रेष्ठ - व. इन्जिनियर
श्री रमेश शाह - व. आन्तरिक लेखा परिक्षक
श्री भेषराज अधिकारी व. लेखा अधिकृत
श्री राजु पोखरेल - इन्जिनियर
श्री सुनील नेपाल - सामाजिक विकास अधिकृत

निर्णयहरु:

निर्णय नं (१) - गैरसरकारी संस्थासंगको करार सम्झौता भंग गर्ने सम्बन्धमा:- धरान उपमहा नगरपालिका र गैर सरकारी संस्था श्री एकिकृत ग्रामीण विकास केन्द्र नेपाल (Integrated Rural Development Center Nepal), नयां बानेश्वर नेपाल बीच मिति २०७०।१०।१० गते तदनुसार २३ अप्रिल २०१३का दिन धरानमा सामुदायिक विकास कार्यक्रम (Community Development Programme) संन्चालन गर्न गरेको करार सम्झौता (Contract Agreement) लाई सम्झौतामा उल्लिखित Terms of Referance पुर्ण रुपमा अनुसरण (पालना) नगरेको कारण उक्त करार सम्झौता को दफा नम्बर २.३.१ को (g) and (f) अनुसार एशियाली विकास बैंकबाट उक्त सम्झौता भंग गर्ने सहमती (concurrence) प्राप्त गर्न आयोजना समन्वय कार्यालय (Project Coordination Office) लाई अनुरोध गर्ने र सहमती प्राप्त नहुन्जेल सम्मकालागि उक्त संस्थासंग गरेको सम्झौतालाई तिलम्बन गर्ने निर्णय गरियो ।

निर्णय नं - २:- नगरपालिका बाट सामुदायिक विकास कार्यक्रम संन्चालन गर्ने सम्बन्धमा:- एकिकृत शहरी

विकास आयोजना अन्तर्गत खानेपानीको साथसाथै धरानको पिछडिएको समुदायहरुको उत्थान तथा स्तरोन्नतीको लागि सामुदायिक विकास कार्यक्रम संचालन गर्न नियुक्त गैर सरकारी संस्थाले करार सम्झौतामा उल्लिखित TOR अनुसारको कार्य सन्तोषजनक रुपले नगरेको हुंदा निर्णय नं २ अनुसारको कार्वाही अगाडि बढाइएकोले हाललाई उक्त सामुदायिक विकास कार्यक्रमहरु धरान उपमहानगरपालिकाको सामाजिक विकास शाखासंग समन्वय गरी संचालन गर्ने निर्णय गरियो।

निर्णय नं-३ - लिलाम बिक्रि सम्बन्धमा: स्थानीय स्वायत्त शासन नियमावली २०६४ (संशोधित) को नियम २१८ को उपनियम (४) बमोजिम गठीत समितिले पेश गरेको प्रतिवेदन ~~अनुसार~~ अनुसार मुल्याङ्कित निम्न न्युनतम मुल्य कायम गरी बढाबढ प्रक्रियाबाट लिलाम गर्ने निर्णय गरियो।
समितिबाट पेश भएको न्युनतम मुल्यलाई टाँस गरी प्रमाणित गरिएको छ।

इलेक्ट्रिक्स सामानहरुको लिलाम विक्री गर्नु पर्ने सामानहरुका विवरण

| क्रसं | विवरण | इकाई | परिणाम | मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रिन्टर | थान | ४ | ८०० | |
| २ | फाटोकपी मेसिन | थान | १ | २०० | |
| ३ | ओभरहेड प्रोजेक्टर | थान | १ | २०० | |
| ४ | मल्टिमेडीया प्रोजेक्टर | थान | १ | २०० | |
| ५ | फ्याक्स मेसिन | थान | १ | २०० | |
| ६ | वाल फेन | थान | २ | ८०० | |
| ७ | सिलिङ्ग फेन | थान | १ | ४०० | |
| ८ | स्टेपलाइजर | थान | ७ | २८०० | |
| | | | जम्मा: | ५६०० | |

मेकानिकल तर्फका लिलाम विक्री गर्नु पर्ने सामानहरुका विवरण

| क्रसं | विवरण | इकाई | परिणाम | मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | ट्र्याक्टरको ट्रली | थान | ३ | ११७००० | एउटा ट्रलीमा मात्र चक्का भएको |
| २ | ट्र्याक्टरको डाला | थान | ४ | २८०० | |
| ३ | टिनको पाता पुरानो | थान | १६ | १५०० | |
| ४ | साइकल | थान | १ | ४०० | |
| ५ | पुरानो रिक्सा | थान | १ | ७०० | |
| ६ | तारजाली | केजी | अ.२०० | ७००० | |
| ७ | होडीङ्ग बोर्ड ठूलो | थान | २ | २३०० | |
| ८ | होडीङ्ग बोर्ड सानो | थान | १ | ८०० | |
| ९ | स्क्वायर पाइप | थान | १ | ५५० | |
| १० | वोर्ड स्टेण्ड | थान | १ | ९०० | |
| ११ | प्लाष्टिक पाता (छाना लगा | थान | ३ | २५० | |